# स्थानीय राजपत्र

**मायादेवी गाउँपालिकाद्वारा प्रकाशित**

| | | |
|---|---|---|
| **खण्डः९** | **संख्याः९** | **२०८२ पौष २८ गते** |


# भाग २

**मायादेवी गाउँपालिका**

## गाउँकार्यापालिकाको कार्यालय

**बरेवा - रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएकको तल लेखिए बमोजिकमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

# खानेपानी हेण्डपाइप तथा सिंचाइ बोर जडान सम्बन्धी कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०९/१८**

**प्रमाणिकरण मितिः२०८२/०९/२८**

<u>प्रस्तावनाः-</u>

मायादेवी गाउँपालिका भित्र बसोबास गर्दै आएका मानिसहरूलाई आधारभुत खानेपानी/स्वच्छ खानेपानीको पहुँचका साथै एक घर एक धाराको अवधारणा अनुरुप खानेपानी हेण्ड पाइप जडान गरी यस गाउँपालिका भित्रका वासिन्दाहरुको स्वास्थ्यमा पानी जन्य रोगबाट हुने आउँ, हैजा झाडापखला, जुका लगायतका रोगबाट बच्नुका साथै घरेलु रुपमा पानीको प्रयोग गरी सरसफाईमा समेत टेवा पुर्याउने उद्देश्यले व्यक्ति/समुदाय/मठ मन्दिर/सार्वजनिक संस्था र सार्वजनिक स्थलहरुमा स्वच्छ खानेपानी पुर्याउने र प्रभावकारी रुपमा संचालन गर्ने उद्धेश्यका साथै कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न साथै बाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराउन, कृषि सिँचाई सम्बन्धी सामग्री उपलब्धका साथै कृषि क्षेत्रको व्यवसायीकरणबाट आय आर्जन बढाउने उद्देश्यले बेमौसमी तरकारी खेती तथा बेमौसमी अन्नबाली उत्पादनको लागि कृषक/कृषक समूह/कृषि सहकारीको लागि सिँचाई कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न सिँचाई वोर कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ उपयुक्त देखिएकोले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेदः-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

क. यो कार्यविधिको नाम "**खानेपानी हेण्डपाइप तथा सिँचाइ बोर जडान सम्बन्धी कार्यविधि २०८२**" रहेको छ।

ख. यो कार्यविधि मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यपालिका स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषाः-</u> **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क. '**कार्यविधि**' भन्नाले खानेपानी हेण्डपाइप तथा सिँचाइ बोर जडान सम्बन्धी कार्यविधि २०८२ रहेको छ।

ख. '**अध्यक्ष**' भन्नाले मायादेवी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

ग. '**उपाध्यक्ष**' भन्नाले मायादेवी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

घ. '**प्रमुख प्रशासकीय अधिकृत**' भन्नाले मायादेवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ङ. '**वडा अध्यक्ष**' भन्नाले मायादेवी गाउँपालिका भित्रका आठ वटै वडाका अध्यक्षहरूलाई सम्झिनु पर्दछ।

च. '**वडा समिति**' भन्नाले गाउँपालिका सम्बन्धित वडाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य र वडा सचिव सहितको समितिलाई जनाउँदछ।

छ. '**खानेपानी हेण्डपाइप जडान**' भन्नाले आधारभूत खानेपानी/स्वच्छ पिउने पानीको व्यवस्था गर्न साथै घरेलु रूपमा प्रयोग गर्ने जमिन मुनीको सतह सम्म पानी निकाली प्रयोगमा ल्याउने जनाउँदछ।

ज. **'सिँचाइ बोर जडान'** भन्नाले कृषि क्षेत्रको लागि उत्पादन मुखी व्यवसायीक कृषकहरू अन्य कृषकहरूलाई कृषि क्षेत्रमा सिँचाइको पहुँच अन्य वाली उत्पादनमा वृद्धि गराउनको लागि जमिन मुनिको सतहबाट पानी निकाली प्रयोग गरिने जनाउँछ साथै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले सतह मुनीको पानी निकाली सदुपयोग गरी कृषक/कृषक समूह/कृषि सहकारी तथा सामूहिक सिँचाइ मार्फत आबद्ध भई पानीको सदुपयोग गर्ने जनाउँदछ ।

झ. **'सिँचाई सामग्री भन्नाले'** कृषि क्षेत्रमा सिँचाइको लागि प्रयोग गरी पम्प सेट, डेलिभरी पाइप, मोटर लगायतका सामग्रीहरू सम्झनु पर्दछ साथै आवश्यक सामग्रीहरू सतह मुनीबाट निस्कने पानी प्रयोगमा ल्याउनका लागि कृषि मिटर मिटर जडान घर इट्टा आदीलाई सम्झनु पर्दछ ।

ञ. **'खानेपानी हेण्डपाइप भन्नाले'** खानेपानी सम्बन्धी जडानमा प्रयोग हुन, पाइप तथा पाइप फिटिङ सामग्रीहरू सम्झनु पर्दछ ।

ट. **'हेण्डपाइप'** भन्नले मानव बल प्रयोग गरी पानी निकाल्ने हात चलित पम्प प्रणाली सम्झनु पर्दछ।

ठ. **'स्यालो ट्युबवेल'** भन्नाले जमिनको भित्री सतह देखी पानी निकाल्ने उद्देश्यले खनिएको वोर (गहिरो खाडल) र त्यसमा जडान हुने पाइप प्रणाली सम्झनु पर्दछ ।

ड. **'वोर ड्रिलिङ'** भन्नाले मेसिन वा उपकरण तथा हातको प्रयोग गरी जमिन भित्र गहिरो प्वाल खन्ने प्रक्रिया सम्झनु पर्दछ ।

ढ. **'सेवा ग्राही'** खानेपानी वा सिँचाइको लागि हेण्डपाइप वा बोर/स्यालो ट्युबवेल जडान गर्न चाहने व्यक्ति, संस्था वा समूह सम्झनु पर्दछ ।

ण. **'उपभोक्ता समिति'** सामुदायिक परियोजना कार्य सञ्चालन, कार्यान्वयन, व्यवस्थापन तथा अनुगमनका लागि गठन गरिएको समिति भन्ने सम्झनु पर्दछ ।

त. **'प्राविधिक प्रतिवेदन'** कार्यक्रम, योजना परियोजनाको स्थलगत निरीक्षण गरेर प्राविधिकले तयार गरेको सम्भाव्यता, गहिराई, पानीको मात्रा, जोखिम मूल्याङ्कन लागत अनुमान सम्बन्धी रिपोर्ट सम्झनुपर्दछ ।

थ. **'जडान स्वीकृति'** भन्नाले पालिका वा सम्बन्धित शाखाबाट हेण्डपाइप वा वोर/स्यालो ट्युबवेल जडानका लागि प्राप्त औपचारिक अनुमति पत्रलाई सम्झनु पर्दछ ।

द. **'कार्यालय'** भन्नाले मायादेवी गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

## ३. कार्यविधिको उद्देश्य

**यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :**

**क.** आधारभूत खानेपानी/स्वच्छ खानेपानीको पहुँच पुऱ्याउने .

**ख.** विभिन्न कृषि वालि तथा वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धिको लागि सिँचाई सुविधा गर्न सहयोग पुऱ्याउने ।

**ग.** कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक एवं प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउन ।

४. <u>लक्षित समूह-</u> कृषक/व्यक्ति/कृषक समूह/निजी कृषि फर्म/कृषि सहकारी/सामूहिक सिँचाइमा आबद्ध कृषकहरू आदी ।

५. <u>कार्यक्रम सञ्चालन हुने क्रियाकलाप-</u>

<u>क. सूचना प्रवाह-</u>

मायादेवी गाउँपालिकाको खानेपानी हेण्डपाइप तथा सिँचाई कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरू तथा कार्यविधिबारे मायादेवी गाउँपालिका र वडा समितिले कम्तीमा ०७ दिने र अधिकतम ३० दिने सूचना प्रवाह गर्नुपर्नेछ ।

<u>ख. निवेदन संकलनः-</u>

उपर्युक्त कार्यक्रममा खानेपानी तथा सिँचाई कार्यक्रमको कार्यान्वयनका लागि कृषक/कृषक समूह/कृषि सहकारीहरूबाट सामूहिक निवेदन दर्ता प्रमाणपत्र वडा कार्यालयको सिफारिस सहित अनुसूची-१ अनुसारको कागजात सङ्कलन राखी तोकिएको समयमा सम्बन्धित निकायबाट गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

<u>ग. दाबी विरोध-</u>

व्यक्तिको निवेदन वडा कार्यालयको सिफारिस खानेपानी तथा सिँचाई कार्यक्रमका लागि बनाएको चेक लिस्ट गाउँपालिकामा पठाउनु पर्नेछ साथै सम्बन्धित निकायमा राखिनेछ । साथै पेस भएका निवेदन उपर कार्यक्रम कार्यान्वयन समितिबाट निर्णय बमोजिम छनौट भएका लाभग्राहीहरूको दाबी विरोधको लागि सात (७) दिने सूचना प्रकाशन गर्ने ।

<u>घ. अन्तिम नामावली प्रकाशन-</u>

दाबी विरोधको सूचनाको अवधि पश्चात् अन्तिम नामावली प्रकाशन गरिनेछ ।

<u>ङ. आयोजनाको अनुमानित लागत-</u>

अनुसूची-२ अनुसारको फारम भरी निवेदन पेस गर्नुपर्नेछ र उपभोक्ताले व्यहोर्ने प्रतिशत समेत निवेदनमा खुलाउनु पर्नेछ साथै लाभग्राहीहरूले गाउँपालिका तथा वडा कार्यालयबाट कुनै पनि सेवा सुविधा नलिएको यदि दोहोरो सुविधा लिएको देखिन आएमा नियम कानुन बमोजिम हुने ब्यहोरा म/हामी स्वयं मले नै स्व-घोषणा गर्दै प्रतिबद्धता जाहेर गर्दछौं भनी निवेदनमा उल्लेख गर्नुपर्नेछ साथै उपभोक्तालाई आवश्यक पर्ने कागजाताहरुः-

१. सक्कल निवेदन – १
२. नेपाली नागरिकताको प्रतिलिपि – १
३. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि – १
४. पासपोर्ट साइजको फोटो – १
५. गाउँपालिका कार्यालयमा निवेदन दिने भएमा वडा कार्यालयको सिफारिस – १

६. <u>पालिका स्तरको हकमा पालिका स्तरिय समितिः</u>

कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनको लागि तपसिलको अनुसारको समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| कार्यपालिकाको सम्बन्धित विषयगत समितिको प्रमुख | -सदस्य |
| प्राविधिक शाखा प्रमुख | -सदस्य |
| योजना शाखा प्रमुख | -सदस्य |
| कृषि शाखा प्रमुख/प्रतिनिधि वा खानेपानी शाखा प्रमुख/प्रतिनिधि | -सदस्य सचिव |
| **वडा समितिको हकमा** | -वडा समिति |

७. कार्यक्रम संचालन समितिको काम कर्तव्य र अधिकार-

क. वडा कार्यालयबाट छनौट भएका नामावलीको आधारमा कार्यान्वयन गर्ने ।

ख. सम्बन्धित निकायबाट विनियोजन बजेटको कार्यान्वयन गर्ने ।

ग. योजना कार्यान्वयनमा व्यक्ति/समुदायलाई लागत जनसहभागितामा समावेश गर्ने ।

घ. भूमिगत जल सतहको मापदण्डको आधारमा स्थान अनुसार कार्यान्वयन गर्ने/गराउने ।

ङ. स्वच्छ खानेपानी हेण्डपाइप जडान कार्यमा कम्तीमा १०० फिट सम्मको कार्य कार्यान्वयन गर्ने/गराउने ।

च. एउटै व्यक्ति वा घर परिवारलाई दोहोरो सुविधा लिएको देखिन आएमा कार्यक्रम संचालन समितिले कार्यक्रम नदिने ।

छ. स्यालो ट्युबवेलको हकमा ४० मिटर डिप ट्युबवेलको हकमा आवश्यकता र औचित्यताको आधारमा कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम ।

८. निवेदकहरूबाट पेस भएका निवेदनहरू गाउँपालिकाको हकमा गाउँपालिका समिति र वडाको हकमा वडा समितिको कार्यालयले छनौट गर्नेछ-

क. व्यक्तिको छनौटको आधार-

- व्यक्तिको आर्थिक अवस्था कमजोर भएको ।
- ५ जनाको संयुक्त निर्णय माग भए पश्चात् ।
- खानेपानी हेण्ड पाइपको हकमाजग्गा जमिनको क्षेत्रफल कम भएको वर्ष भरी खान नपुगी ज्याला मजदुरी गर्ने गरेको ।
- खानेपानी हेण्डपाइपको हकमा ५० फिट भन्दा कम गहिराइका हेण्डपाइपहरु भएमा ।
- पानी परीक्षणको मापदण्डको आधारमा दूषित पानी देखेको अवस्था ।
- प्राकृतिक प्रकोपबाट क्षति भएका व्यक्ति/समुदायका संरचनाहरू जस्तैः बाढी, पहिरो, भूकम्प आदी ।
- समुदायको हकमा संरचना बनाउने स्थानको सहमति भएको निर्णयको प्रतिलिपिको आधारमा ।
- भू-जल सतह स्थान अनुसार मापदण्डको परिधिभित्र रही सम्बन्धित कार्यालयको निर्णयअनुसार र सो भन्दा बढी गहिराइमा जानु पर्ने भएमा सामग्री तथा जडान खर्चको रकम १००%प्रतिशत व्यहोर्ने प्रतिबद्धता जनाएको हुनु पर्ने ।

ख. <u>समूहको छनौट आधार-</u>

- सम्बन्धित निकायबाट समूह गठन एवं दर्ता भई कम्तीमा १ वर्षको अवधि पुरा गरेका नियमित बैठक बस्ने गरेका साथै कृषि उत्पादन विकासको लागि सक्रिय रूपले क्रियाशील रहेको हुनुपर्दछ।
- कृषि उद्यमीका लागि न्यूनतम ३० कट्टा, सहकारी संस्थाको हकमा न्यूनतम १०० कट्टा , सामूहिक सिँचाइ प्रयोजनको हकमा विपन्न समूह भए २५ देखी ३० कट्टा र सम्पन्नको हकमा १०० कट्टा क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध हुने निश्चित गर्नुपर्ने छ कुल लागतको २५% रकम व्यहोर्ने प्रतिबद्धता गरेको हुनुपर्नेछ ।

ग. <u>स्थान छनौटको आधार-</u>

- व्यक्तिको जग्गाको आसपासमा सिँचाइको कुनै पनि सुविधा नभएको ।
- खानेपानीको हकमा सार्वजनिक स्थलः चोक, चौराहा सार्वजनिक संस्था मठ मन्दिर धर्मशाला आदि ।

घ. <u>वडा कार्यालयले लागत अनुमानको लागि सिफारिस गर्दा प्राप्त निवेदन मध्ये लाभग्राही छनौट गरी नामावली साथै पठाउनु पर्नेछ ।</u>

ङ. <u>लागत अनुमान-</u>

- उक्त कार्यक्रम वा योजनाको गाउँपालिकाका प्राविधिकबाट स्थलगत सर्वेक्षण गरी लागत इस्टीमेट तयार गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नुपर्नेछ । लागत इस्टिमेट तयार गर्दा इस्टिमेट अङ्कको ३ % कन्टिजेन्सी स्वरूप राखिनेछ ।
- लागत अनुसार तयार गर्दा गाउँपालिकाबाट प्रदान गरिने अनुदान र उपभोक्ताले व्यहोर्ने रकम खुलाउन पर्नेछ ।
- स्वीकृत अनुमानित लागत तयार भैसकेपछी सम्बन्धित शाखासँग अनुसूची-४ अनुसारको सम्झौता गर्नुपर्नेछ ।
- <u>कार्यादेश-</u>

  सम्झौता भए पश्चात् सम्बन्धित शाखा योजना शाखाबाट कार्यादेश दिइनेछ ।
- <u>कार्यक्रम कार्यान्वयन समिति/उपभोक्ता समितिले-</u>

  कार्य सम्पादन भए पश्चात् सम्बन्धित निकायबाट कार्य सम्पादन भएको सिफारिस विल, भरपाई कार्यक्रम वा योजना सम्पन्न भएको संरचनाको फोटोहरू सार्वजनिक परीक्षण, आय-व्ययको विवरण सम्बन्धित निकायबाट अनुगमन प्रतिवेदनको रिपोर्ट गाउँपालिका समक्ष पेस गर्नुपर्ने छ । साथै लाभग्राही छनौटको अन्तिम जिम्मा सम्बन्धित वडा अध्यक्षमा निहित रहनेछ ।
- <u>नापी-</u>

  कार्यान्वयन समितिले कार्य सम्पादन लगायतका सम्पूर्ण कागजातहरू गाउँपालिकामा पेस भए पश्चात् सम्बन्धित प्राविधिकले कार्यक्रम तथा योजनाको नाप जाँच गर्नेछन्।

- **<u>कार्य सम्पन्न-</u>**
  सम्बन्धित प्राविधिकले कार्य स्वीकार सम्पन्न मूल्याङ्कनको रिपोर्ट तयार गरी भुक्तानीको लागि पेस गर्नुपर्नेछ ।
- **<u>भुक्तानी-</u>**
  योजना शाखाले कार्य सम्पन्न मूल्याङ्कनको रिपोर्टको आधारमा भुक्तानीकी लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नुपर्नेछ ।
- **<u>अन्तिम भुक्तानी-</u>**
  प्रमुख प्रशासकीय अधिकृतले योजना सम्पन्न मूल्याङ्कन सम्बन्धित कागजातहरू स्वीकृत गरे पश्चात् भुक्तानीको लागि आर्थिक प्रशासन शाखामा पठाई उपभोक्ता समितिको बैङ्क खातामा रकम भुक्तानी गरिनेछ ।
- **<u>योजना हस्तान्तरण</u>**
  कार्यक्रम कार्यान्वयन समिति वा उपभोक्ता समितिलाई योजना हस्तान्तरण सम्बन्धित निकायले गर्ने छ उक्त योजनाको मर्मत सम्भार देखि सम्पूर्ण जिम्मा उपभोक्ता समितिले लिनुपर्नेछ ।
- खानेपानी तथा सिँचाइ वोर सम्बन्धी उपभोक्ता समितिलाई वर्षमा १ पटक बैठक बोलाउने।
- उपभोक्ता समितिलाई काम कर्तव्य र अधिकारको बारेमा तालिमको आयोजना गर्ने ।

९. <u>बैठक तथा सेवा सुविधा-</u>

क. बैठक कम्तीमा वर्षको १ पटक बस्नेछ ।

ख. यो कार्यक्रम कार्यान्वयन समितिका पदाधिकारीहरूले मौद्रिक सुविधा उपलब्ध गराइने छैन ।

१०.<u>अपेक्षित उपलब्ध-</u>

क. नागरिकहरूको स्वास्थ्यमा सुधार आउनेछ ।

ख. कृषकहरूले लगाउने वालीमा सिँचाइ सुविधा पुगी उत्पादन र उत्पादकत्वमा वृद्धि हुने ।

ग. कृषकहरूको व्यवसायीक रूपमा कृषि उत्पादनमा हौसला प्रदान हुने ।

घ. उत्पादन वृद्धि भई आय श्रोत बढ्ने ।

ङ. बेमौसमी तरकारी तथा खाद्यान्न वाली उत्पादन गर्न सकिने ।

च. व्यवसासिक कृषि खेतीबाट स्वरोजगार हुन सक्ने ।

११.<u>खानेपानी तथा सिँचाइ छनौटका आधारमा मापदण्ड-</u>

क. परम्परागत देखि निरन्तर रूपमा खेती गर्दै आएका कृषक/कृषक समूह/कृषि सहकारी/सामूहिक आवेदक कृषकहरू व्यक्ति र घरपरिवार कृषकहरू

ख. भैलो भुज वोरिङ्ग र नहर कुलोको सिँचाइ नलाग्ने जग्गामा सञ्चालन गरिनेछ ।

ग. यस कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष र विगतका आर्थिक वर्षहरूमा गाउँपालिका वा वडा कार्यालयहरूबाट कुनै किसिमको खानेपानी तथा सिँचाइ सुविधा प्राप्त नगरेका व्यक्ति, घरपरिवार र समुदाय हुनुपर्नेछ ।

घ. यस कार्यक्रममा व्यवसायीक तरकारी खेती, फलफूल, केरा खेती गर्ने कृषकहरूलाई प्राथमिकता दिइनेछ ।

ङ. कृषि क्षेत्रमा कम्तीमा ३ कट्टा खेती गरेको कृषक हुनुपर्नेछ ।

च. आफ्नो जग्गा नभएको खण्डमा लिजमा दिने व्यक्तिको लालपुर्जाको फोटोकपी, नागरिकताको फोटोकपी साथै सम्झौता भएको पत्रको फोटोकपी हुनुपर्नेछ ।

छ. पुराना हेण्डपाइप सिँचाइ बोर बिग्रिएको अवस्था मर्मत गर्दा पनि मर्मत हुन नसक्ने भएमा गाउँपालिका समिति र वडा समितिले प्राविधिक कर्मचारीबाट अनुगमन चेकजाँच गर्दा कार्यक्रम दिन मिल्ने/नमिल्ने छुट्ट्याई यकिन भएको अवस्थामा प्राथमिकता दिइनेछ ।

ज. हेण्डपाइपको हकमा सार्वजनिक स्थल, चौराहा, मठ, मन्दिर सार्वजनिक संस्था बाहेक समूहको लागि कम्तीमा ५ घर समेट्ने गरी हुनुपर्ने ।

झ. यो कार्यक्रम मायादेवी गाउँपालिका भरी सञ्चालन हुनेछ ।

ञ. खानेपानी हेण्डपाइपको लागि भूमिगत जल सतहको मापदण्डको आधारमा कम्तिमा १०० फिट लागु हुनेछ ।

ट. योजना कार्यान्वयन गर्दा जनसहभागिता वापत् २०% लागत वरावरको अंश हुनेछ तर पालिका/वडाले आवश्यक देखेको गरिव विपन्न आर्थिक तथा सामाजिक रुपले पछाडी परेको वर्गलाई निःशुल्क रुपमा जडान गरिदिन सक्नेछ ।

ठ. एउटा सिँचाइ बोरबाट अर्को बोर जडान गर्दा कम्तीमा १०० मिटरको दुरीमा हुनुपर्नेछ ।

ड. सङ्घ, प्रदेश, स्थानीय तह र वडा कार्यालयबाट सञ्चालन भएका आयोजनाहरूमा दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नुपर्ने ।

ढ. सिँचाइका अन्य वैकल्पिक श्रोत नभएका स्थानलाई प्राथमिकता दिइनेछ ।

ण. योजना आर्थिक, सामाजिक तथा प्राविधिक र वातावरणीय दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

त. गाउँपालिकाले तोकेको उत्पादन क्षेत्र, वाली तथा सामूहिक खेती गरिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

थ. खानेपानी हेण्डपाइप तथा सिँचाइ बोरको न्यूनतम गहिराई स्थानीय भूमिअनुसार

द. गाउँपालिका र वडा कार्यालयबाट खानेपानी हेण्डपाइप तथा सिँचाइ बोर सामग्रीहरू वितरण गर्दा कार्यविधि अनुसारको प्रक्रिया पुरा गरी लाभग्राही व्यक्ति वा समूहले ड्रिल वा जडान गर्दा लाग्ने खर्च १००%प्रतिशत नै व्यहोर्नु पर्नेछ ।

ध. व्यक्तिले आफ्नो लागतमा आफ्नो रकम खर्च गरी सिंचाई बोर जडान गर्न चाहेमा गाउँपालिका/वडा कार्यालयको अनुमति विना सिँचाइ वोर जडान गर्न पाइने छैन ।

न. एक गाउँ एक कृषि सिँचाइ वोरको अवधारणा अनुरूप कार्यक्रम कार्यान्वयन गरिने । सिँचाइ वोर/सिँचाइ मोटर/विद्युत् र विद्युत् गृह लगायतको सुविधा दिन सकिनेछ ।

१२. <u>खानेपानी मापदण्डः-</u>

क. खानेपानीको अवधारणा अनुरूप "एक घर-एक धारा" को आवश्यकता अनुसार ।

ख. हाल सम्म खानेपानीबाट वञ्चित भएका व्यक्तिहरू ।

ग. पानी परीक्षण गर्दा आर्सेनिक, आइरन, क्याल्सियम र कोलिफर्म लगायतका मापदण्ड भन्दा बढी इन्डिकेटर देखिएका हेण्डपाइप भएका व्यक्तिहरू ।

घ. हेण्डपाइप बिग्रिएको मर्मत सम्भार गर्दा पनि पानी नआएको अवस्था देखिएमा ।

ङ. वार्षिक दुई लाख भन्दा कम आयस्रोत भएका व्यक्तिहरू पहिचानको आधारमा ।

च. ५० फिट भन्दा कम गहिराइका हेण्ड पाइप भएका व्यक्तिहरू पहिचानको आधारमा ।

१३. <u>मर्मत संभारः-</u>

आयोजना सम्पन्न भैसकेपछी सोको मर्मत/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यक्ति/कृषि समूह कृषि सहकारी समूहको हुनेछ ।

१४. <u>अनुगमन तथा मूल्याङ्कन-</u>

आवश्यकता अनुसार मायादेवी गाउँपालिका आर्थिक विकास समिति/सम्बन्धित शाखा र वडा कार्यालयबाट नियमित अनुगमन गरिनेछ । अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

१५. <u>कारबाहीको व्यवस्था-</u>

आयोजना स्वीकृत भएका व्यक्ति, कृषक समूह, कृषि सहकारी समूह, निजी फर्म वा कम्पनीले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी छोडेको बखतमा उक्त व्यक्ति/कृषक समूह लगायत फर्महरूलाई मायादेवी गाउँपालिकाबाट सञ्चालन हुने कुनै पनि योजना कार्यक्रममा ३ वर्ष सम्म समावेश गरिनेछैन । साथै अधुरो योजनाको खर्च सम्बन्धित व्यक्ति/कृषक समूहलाई गाउँपालिका/वडा कार्यालयबाट बअसुल उपर गराइनेछ । साथ साथै पालिका वा वडा मार्फत सामग्री वितरण वा जडान भएका स्यालो ट्युबवेल/डिप ट्युबवेल गडाउनु भएका टोलका कृषकहरूको प्रयोगका लागि पूर्ण अधिकार रहनेछ यदि प्रयोग गर्नमा कुनै वाधा अड्चन गरेमा पालिका र वडाको निर्णय सर्वमान्य हुनेछ ।

१६. <u>प्रचलित कानुन लागु हुने अवस्था-</u>

खानेपानी, हेण्डपाइप तथा सिँचाइको र कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१७. <u>कार्यविधि संशोधन तथा परिमार्जन-</u>

मायादेवी गाउँपालिकाले यस कार्यविधिमा समयअनुसार आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

(दफा-५ (ख) सगँ सम्बन्धित)

**........................................ मागको प्रस्ताव आह्वानको सूचना**

**सुचना। सूचना ॥ सूचना ॥।**

मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २............. को स्वीकृत कार्यक्रम अनुसार खानेपानी हेण्डपाइप तथा सिँचाइ बोर जडान कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, निजी कृषि फर्म र कृषि उद्यमीलाई दरखास्त आव्हान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र तोकिए को ढाँचा अनुसारको निवेदन साथ तपसिल अनुसारका कागजातहरू संलग्न राखी यस कार्यालयमा दर्ता गराउन अनुरोध गरिन्छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको फोटोकपी ।
४. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं.को प्रमाणपत्रको फोटोकपी ।
५. नेपाली नागरिकताको प्रमाणित फोटोकपी ।
६. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको फोटोकपी (ऐलानी जग्गा भए वडा कार्यालयको सिफारिस)।
७. निवेदन पेस गर्ने, रकम बेहोर्ने र बोरिङ जडान स्थलको स्वयम घोषणा गर्ने ।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

अनुसूची -२

(दफा-५ (ङ) सगँ सम्बन्धित)

## ....................................... लागी दिइने निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बरेवा-रुपन्देही ।

विषय : ........................................................... जडान उपलब्ध गराई दिने बारे ।

**महोदय,**

म/हामीलाई खानेपानी हेण्डपाइप तथा सिँचाइ बोर जडान कार्यक्रम अन्तरगत अनुदान सहयोग प्राप्त गरी कार्य गर्न इच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन पेस गरेको छु/छौ । निर्धारित प्रक्रिया भित्र रही कार्य गर्नेछु/छौ। पुनश्च तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु । साथै गत विगतका वर्षहरूमा गाउँपालिका र वडा कार्यालयहरूबाट दोहोरो सुविधा नलिएको स्व-घोषणा गर्दछु यदि दोहोरो सुविधा लिएको खण्डमा कानुन बमोजिम हुने ब्यहोरा सहुँला/बुझौला भनी स्वघोषणा गर्दछु/गर्दछौं ।

तपसिल

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
२. कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, कृषि फर्म/कम्पनी दर्ता प्रमाण पत्रको फोटोकपी ।
३. सहकारी संस्था, कृषि फर्म/कम्पनीको लागि स्थायी लेखा नं.को प्रमाणपत्रको फोटोकपी ।
४. नेपाली नागरिकताको प्रमाणित फोटोकपी ।
५. जग्गाधनी दर्ता प्रमाण पत्र/सम्झौताको फोटोकपी (ऐलानी जग्गा भए वडा कार्यालयको सिफारिस)।
६. निवेदन पेस गर्ने, रकम ब्यहोर्ने र बोरिङ गर्ने जग्गाको निर्णयको प्रतिलिपि ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
८. आयोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता ।

निवेदक
नामः
संस्थाको नाम :
ठेगाना :
दस्तखत :
फोन नं. :
संस्थाको छापः

<u>अनुसूचि – ३</u>

....................................... को संक्षिप्त कार्य योजना

निवेदकको नाम थर :

कृषक समूह/सहकारी/कृषि फर्मको नाम :

ठेगाना : मायादेवी गाउँपालिका, वडा नं. गाउँ/टोलः

सञ्चालन गर्न खोजेको स्थान :

आयोजनाबाट सिञ्चित हुने क्षेत्रफल (हे.) : आफ्नो लगानीः

लाभान्वित परिवार सङ्ख्या : लाभान्वित हुने जनसंख्याः

सञ्चालन गरिने कार्य विवरण :

| क्र.सं. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | अनुदान माग | निजी लगानी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूचि – ४

(दफा-८ (ङ) सगँ सम्बन्धित)

**....................................... कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्र**

मायादेवी गाउँपालिकाबाट आ.व.२................. को स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गरिने खानेपानी हेण्डपाइप तथा सिँचाइ बोर जडान कार्यक्रम गर्न मायादेवी गाउँपालिका,(यस पछि पहिलो पक्ष भनिने) र मायादेवी गाउँपालिका वडा नं. ......... को श्री ............................................................ (पछि दोस्रो पक्ष भनिने) बिच तपसिलका सर्तहरू पालन गरी/गराई कार्यक्रम सम्पन्न गर्न यो सम्झौता गरी लियौ/दियौ ।

तपसिल

१. पहिलो पक्षले दोस्रो पक्षलाई आयोजना सञ्चालनको लागि दिने कार्यक्रम रकम आयोजना सम्पन्न भए पछि संलग्न लागत अनुमान अनुसारको रु. .......................चेकबाट खर्च रकम उपलब्ध गराइने छ भने बाँकी रकम रु. ....................... दोस्रो पक्षले ब्यहोर्नु पर्ने छ ।
२. दोस्रो पक्षले पहिलो पक्ष वाट आवश्यक प्राविधिक सहयोगमा आफूले प्रस्ताव गरे अनुसार खानेपानी हेण्डपाइप तथा सिँचाइ बोर जडान कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।
३. पहिलो पक्षले तोकेको प्राविधिकले नियमित रूपमा कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ, दोस्रो पक्षले स्वीकृत लागत इष्टिमेट र सम्झौता अनुसारका कार्यहरू नगरेको पाइएमा सम्झौता खारेज गर्न सकिने छ ।
४. यस सम्झौतामा उल्लेखित कार्यहरू गर्दा परि आउने कुनै पनि प्राकृतिक प्रकोपको पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ । यस बापत पहिलो पक्षले कुनै दायित्व बहन गर्ने छैन ।
५. यो सम्झौता कार्यान्वयनमा कुनै विवाद पर्न आएमा गाउँपालिकाको निर्णय अन्तिम हुने छ ।
६. दोस्रो पक्षले यस कार्यक्रम अनुसार सम्पन्न गरिएको खानेपानी हेण्डपाइप तथा सिँचाइ बोर जडानलाई आवश्यकता अनुसार मर्मत कार्यलाई निरन्तरता दिनु पर्ने छ । सो को लागि पहिलो पक्षले कुनै अनुदान उपलब्ध गराउने छैन ।
७. यस सम्झौता अनुसारको कार्य मिति ............................................... भित्र सम्पन्न गरी सक्नु पर्ने छ ।
८. यस सम्झौतामा उल्लेख भएका ब्यहोरा यस सम्झौता अनुसार र अन्य ब्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट- | दोस्रो पक्षको तर्फबाट- |
|---|---|
| नाम : | नामः |
| पद : | पद : |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क नं. | सम्पर्क नं. |

छाप : छाप :

आज्ञाले,
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत